# SWASHTHA Project: Clean environment for a healthy life



## Background

Urban population in Nepal is expanding rapidly, placing enormous pressure on urban basic services like shelter, safe drinking water and sanitation, drainage and sewerage, transportation and waste management. Environmental health risks from unsafe drinking water, poor hygiene behaviour, lack of sanitation and prolong exposure to indoor air pollution (IAP) in poorly ventilated kitchens is very high in Nepal. This situation is deteriorating with rapid and haphazard urbanisation as urban poor are often forced to live in very crowded and unhygienic settlements. Municipal authorities who have limited resources are struggling to meet the increasing demands for environmental health services - water, sanitation and household (HH) energy. Within this background, a project "SWASHTHA - Strengthening Water, Air, Sanitation and Hygiene Treasuring Health" has been developed by Practical Action Nepal Office to improve the health and well being of the urban and peri urban settlements of emerging towns and municipalities of Nepal.




The four year (2009-2012) project will be implemented in seven municipalities namely Ratnanagar, Bharatpur, Ramgram, Siddarthanagar, Butwal, Tikapur and Gulariya and three small towns - Sunawal, Bardaghat and Kawasoti which are potentially growing to become municipalities along the western highway corridor. This project is funded by the European Union (EU) and co-funded by UN-HABITAT's Water for Asian Cities Programme and ISLE of Man Government. The project's implementing partners are Municipal Association of Nepal (MuAN) and Environment and Public Health Organisation (ENPHO) as Non State Actors (NSA), respective municipalities and concerned Village Development Committees (VDCs) of Small Towns as Local State Actors.

## Objective of SWASHTHA

The overall objective of the project is to contribute to sustainable improvement in health and well being of vulnerable population especially, women and children residing in urban and periurban settlements of Bharatpur, Butwal, Gulariya and Tikapur Municipalities.

## Expected results

1. Improved access to safe drinking water in 16 communities
2. Improved access to better sanitation facilities in 16 communities
3. Improved hygiene practices among 30,000 women and children
4. Improved indoor air quality standards in 10,000 HHs and
5. Institutionalisation of environmental health improvement measures through improved linkages between state, non-state and private sector actors

## Major activities

1. Conduct baseline surveys in selected communities
2. Develop participatory water and sanitation (WATSAN) master plans for project municipalities and small towns
3. Develop and implement water safety measures to improve four existing and four new water supply schemes
4. Develop and implement eight community managed sanitation facilities
5. Promote four appropriate point of use of water treatment options, water handling and storage in HHs
6. Promote HH Centered Environmental Sanitation (HCES) concepts in 16 communities in project municipalities/small towns
7. Implement school led total sanitation (SLTS) in 35 public schools
8. Empower and capacitate 200 (Female Community Health Volunteers) FCHVs and 25 mother leaders from Mother Groups in project municipalities in IAP, better sanitation and hygiene behaviours
9. Conduct behavioural change campaigns in 35 schools, 16 communities, 20 health centres in project municipalities/small towns
10. Promote improved waste management practices at HH levels in selected communities
11. Capacitate 200 women on improved kitchen management
12. Building capacities for improved linkages between HHs and private service providers to enhance access to improved cooking devices
13. Capacitate local private entrepreneurs for manufacturing and providing services on improved cooking devices
14. Strengthen users groups and committees on dissemination and advocacy of community based practices
15. Develop linkages between Water User Groups at national levels to share experiences
16. Assist municipalities and other stakeholders to institutionalise WATSAN master plans
17. Share lessons and promote awareness among EU NSA members





**PRACTICAL ACTION NEPAL OFFICE**
Pandol Marga, Lazimpat
PO Box 15135, Kathmandu, Nepal
Tel: +977 1 4446015 / 4434482
Fax: +977 1 4445995
Email: info@practicalaction.org.np
Web: www.practicalaction.org/nepal

**CHITWAN PROJECT OFFICE**
Bikram Marga, Kshetrapur
Bharatpur-2, Chitwan, Nepal
Tel: +977 56 532741
Fax: +977 56 532741

# स्वस्थ परियोजना: स्वस्थ जीवनको लागि स्वच्छ वातावरण



## पृष्ठभूमि

नेपालमा शहरी जनसंख्या द्रुततर गतिले बृद्धि भैरहेको छ जसले गर्दा शहरी सेवाहरूमा ठूलो चाप परेको छ। शहरी बस्तीको बृद्धिसँगै सुरक्षित बसोबास, सुरक्षित खानेपानी र सरसफाई, व्यवस्थित ढल तथा नाली, यातायात र फोहोर व्यवस्थापन जस्ता आधारभूत शहरी सुविधाहरूको मागमा समेत बृद्धि भएको छ। यस्तो अवस्थामा सबैभन्दा बढी शहरी क्षेत्रका गरिबहरू अझ बढी जोखिममा छन् जो विकासको गतिबाट प्रायः बञ्चित पनि छन्। यसै परिप्रेक्षमा प्राक्टिकल एक्शन नेपालले भरतपुर, बुटवल, गुलरिया, र टिकापुर नगरपालिकाहरूका बासिन्दाहरूको स्वास्थ्य र जीवनस्तर सुधारमा केन्द्रित भई “स्वस्थ” (SWASHTHA - Strengthening Water, Air, Sanitation and Hygiene Treasuring Health) परियोजना सञ्चालनमा ल्याएको छ। यस परियोजनाले चितवन, नवलपरासी र रुपन्देही जिल्लाका रत्ननगर, रामग्राम सिद्धार्थनगर, सुनौल, बर्दघाट र कावासोती जस्ता थप नगरपालिका र साना शहरहरूका केही शहरी वातावरणीय समस्याहरूलाई पनि सम्बोधन गर्नेछ।




युरोपेली आयोगको आर्थिक सहयोगमा सञ्चालन हुने यस चार वर्षे (२००९ - २०१२) परियोजनालाई UN-HABITAT को Water for Asian Cities Programme र ISLE of Man Government ले सह-आर्थिक सहयोग प्रदान गरेका छन्।

यस परियोजनाको साझेदार संस्थाहरूमा प्राक्टिकल एक्शन नेपाल, एन्फो (वातावरण र जनस्वास्थ्य संस्था) र नेपाल नगरपालिका संघ गैरसरकारी निकायका रूपमा कार्यरत रहनेछन् भने भरतपुर, बुटवल, गुलरिया, टिकापुर, रत्ननगर, रामग्राम र सिद्धार्थनगर नगरपालिकाहरूका साथै सुनौल, बर्दघाट र कावासोती शहर उन्मुखक्षेत्रहरू सरकारी निकायका रूपमा कार्यरत रहनेछन्।

## परियोजनाको उद्देश्य

भरतपुर, बुटवल, गुलरिया, र टिकापुर नगरपालिकाहरूका शहरी तथा शहर उन्मुख क्षेत्रका बासिन्दाहरू विशेषतः जोखिममा रहेका महिला र बालबच्चाहरूको स्वास्थ्यमा सुधार ल्याई उनीहरूको जीवनस्तर उकास्नु नै यस परियोजनाको निर्दिष्ट उद्देश्य रहेको छ।

## अपेक्षित उपलब्धिहरू

१. १६ समुदायहरूमा सुरक्षित खानेपानीको पहुँचमा सुधार हुनेछ
२. १६ समुदायहरूमा सरसफाई सेवाहरूको पहुँचमा सुधार हुनेछ
३. ३०,००० महिला तथा बालबालिकाहरूको सरसफाईसम्बन्धी अभ्यासहरूमा सुधार आउनेछ
४. १०,००० घरधुरीहरूको घर भित्रको हावाको गुणस्तरमा सुधार हुनेछ
५. सरकारी, गैरसरकारी र निजी क्षेत्रका सरोकारावालाहरूको समन्वयमा वातावरणीय स्वास्थ्यसम्बन्धी सुधारका प्रावधानहरूलाई संस्थागत गरिनेछ

## प्रमुख गतिविधि

१. लक्षित समुदायमा आधारभूत सर्वेक्षण गर्ने
२. परियोजनाका लक्षित नगरपालिका र साना शहरहरूका लागि सहभागितामूलक खानेपानी र सरसफाई (WATSAN) सम्बन्धी गुरु योजना बनाउने
३. सुरक्षित खानेपानीका उपायहरू (Water Safety Measures) अपनाई पूराना र नयाँ गरी आठ वटा खानेपानी योजनाहरू कार्यान्वयन गर्ने
४. आठवटा सामुदायिक सरसफाई इकाईहरू निमार्ण गर्ने
५. पानी शुद्धिकरण गर्ने घरेलु प्रविधिहरूको साथै पानी प्रयोग र संग्रह गर्ने उचित विधिहरूको प्रवर्द्धन गर्ने
६. १६ वटा समुदायमा घरेलु स्तरका वातावरणीय सरसफाई पद्दतिहरू प्रवर्द्धन गर्ने
७. ३५ विद्यालयहरूमा विद्यालयको अगुवाइमा पूर्ण सफाई पद्दतिको (SLTS) प्रवर्द्धन एवम् विस्तार गर्ने
८. २०० महिला स्वास्थ्य स्वयम् सेविका र २५ आमा समूहका नेतृहरूलाई घरभित्रको वायु प्रदुषण र सरसफाईका व्यवहारमा क्षमता अभिवृद्धि गर्ने
९. ३५ विद्यालयहरू, १६ समुदायहरू र २० स्वास्थ्य केन्द्रहरूमा सरसफाईसम्बन्धी व्यवहार परिवर्तनको अभियान सञ्चालन गर्ने
१०. घरेलु स्तरमा फोहोरमैला व्यवस्थापन प्रवर्द्धन गर्ने
११. भान्छाकोठाको सुधार गरी घरभित्रको वायु प्रदुषण कम गर्न २०० महिलाहरूको क्षमता अभिवृद्धि गर्ने
१२. निजी सेवा प्रदायक र घरधुरीबीचको सम्बन्ध विकसित गर्न क्षमता अभिवृद्धि गरी सुधारिएका इन्धन उपकरणहरूको पहुँच बढाउंने
१३. सुधारिएका इन्धन उपकरणहरू उत्पादन तथा वितरण गर्न स्थानीय उद्यमीको क्षमता अभिवृद्धि गर्ने
१४. उपभोक्ता समितिहरूलाई सशक्त बनाई स्थानीय अभ्यासहरूको विस्तार र पैरवी गर्ने
१५. स्थानीय खानेपानी उपभोक्ता समूहहरूलाई राष्ट्रिय स्तरका सञ्जालसँग सम्बन्ध विस्तार गरी अनुभव आदान-प्रदान गर्ने
१६. नगरपालिका, जिल्ला खानेपानी तथा ढल निकास विभाग कार्यालय, स्थानीय गैसस र संघसंस्थाद्वारा सहभागितामूलक खानेपानी र सरसफाइ गुरु योजनालाई संस्थागत गर्न सहयोग गर्ने
१७. युरोपेली आयोगका गैरसरकारी निकाय सदस्यहरूबीच सिकाईहरू आदानप्रदान गर्ने






**प्राक्टिकल एक्शन नेपाल कार्यालय**
पण्डोल मार्ग, लाजिम्पाट
पो. ब. नं. १५१३५, काठमाडौं, नेपाल
फोन +९७७-१-४४४६०१५/४४३४४८२
फ्याक्स् +९७७-१-४४४५९९५
इमेल info@practicalaction.org.np
वेब www.practicalaction.org/nepal

**चितवन परियोजना कार्यालय**
विक्रम मार्ग, क्षेत्रपुर
भरतपुर - २ चितवन, नेपाल
फोन : +९७७-५६-५३२७४१
फ्याक्स: +९७७-५६-५३२७४१